आज मिति २०७८ साल फागुन महिनाको १० गते मंगलवारका दिन यस बेसिशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान-सिंह अर्याल ज्यूको अध्यक्षतामा नगरपालिकाको ७१ औं बैठक बसी तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिमको छलफल एवं निर्णय गरियो ।

## उपस्थिति :—

| | | | |
|---|---|---|---|
| १, | प्रमुख | | श्री गुमान सिंह अर्याल |
| २, | उप-प्रमुख | | श्री लक्ष्मी देवी अधिकारी |
| ३, | ~~वडा अध्यक्ष वडानं~~ प्र. प्र. अ. | | श्री डुमनाथ कडेल |
| ४, | वडा अध्यक्ष | वडा नं (१) | श्री बल राम श्रेष्ठ |
| ५, | —"— | (२) | श्री गणेश बहादुर कडेल |
| ६, | —"— | (३) | श्री सूर्य कुमार श्रेष्ठ |
| ७, | —"— | (४) | श्री लालबीर गुरुङ |
| ८, | —"— | (५) | श्री बम बहादुर गुरुङ |
| ९, | —"— | (६) | श्री भोज बहादुर रिमाल |
| १०, | —"— | (७) | श्री गोविन्द बस्नेत |
| ११, | —"— | (८) | श्री पवित्रा थापा राना |
| १२, | —"— | (९) | श्री शरद बराल |
| १३, | —"— | (१०) | श्री पुर्ण बहादुर थापा |
| १४, | —"— | (११) | श्री अच्यूत बाबु बगाले |
| १५, | कार्यपालिका सदस्य | | श्री विष्णु माया राना |
| १६, | —"— | | श्री मन्दिरा दर्नाई |
| १७, | —"— | | श्री देव बहादुर गहतराज |
| १८, | —"— | | श्री अजय मजाकोटी |
| १९, | —"— | | श्री मन माया गुरुङ |
| २०, | —"— | | श्री दोज बहादुर खवास |
| २१, | —"— | | श्री कृष्ण नेपाली |
| २२, | —"— | | श्री आशा तामाङ |

सहजकर्ता कर्मचारीहरु :-

| | | |
|---|---|---|
| २३, | कार्यक्रम अधिकृत | श्री मेघेन्द्र पोखरेल |
| २४, | (ना. सु.) सहायकस्तर पाँचौं | श्री गोविन्द बहादुर राउत |

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय, लमजुङ**
**गण्डकी प्रदेश, नेपाल**

*नगर कार्यपालिकाको मिति २०७८ फागुन १० गतेको बैठकका एजेण्डाहरु*

- फुटकरतर्फका योजना तथा कार्यक्रम छनौट सम्बन्धमा ।
- जस्तापाता खरीद सम्बन्धमा ।
- लक्षित कार्यक्रमको सम्बन्धमा ।
- मर्स्याङ्दी क्याम्पसको नक्शापास दस्तुर छुट सम्बन्धमा ।
- योजना संशोधन सम्बन्धमा ।
- गत कार्यपालिका बैठकको निर्णय संशोधन सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं. १: फुटकरतर्फका योजना तथा कार्यक्रम छनौट सम्बन्धमा ।**

गत कार्यपालिका बैठक तथा दशौं नगरसभाबाट चालु आ.व. २०७८।०७९ को ठेक्का बन्दोबस्तीबाट बाँकी रहन गएका रकमलाई फुटकर योजना शिर्षकमा रकमान्तर गरिएको बजेटबाट देहाय वमोजिमका फुटकर योजना तथा कार्यक्रम छनौट गरी यथाशिघ्र कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

देहाय :

| क्र.स. | योजना तथा कार्यक्रमको नाम | वडा नं | प्रस्तावित बजेट रु. हजारमा | कैफियत |
|---|---|---|---|---|
| १ | विपन्न नागरिक आवास सहयोग कार्यक्रम | | १००० | |
| २ | ग्याविन जाली वितरण | | ५०० | |
| ३ | लमजुङ जिल्ला अदातलमा विद्युत व्याक अप जडान | | २०० | |
| ४ | नगरपालिकाको बृत्तचित्र (डकुमेन्ट्री) निर्माण | | ३०० | |
| ५ | फर्निचर फिक्चर | | ५०० | |
| ६ | मेसिनरी औजार | | ५०० | |
| ७ | उदिपुर नेवा समाज भवन स्तरान्नति | १ | १५० | |
| ८ | सानो घिमिरे मोटरबाटो ग्राभेल | १ | १०० | |
| ९ | नयाँ गाउँ जाने सडक ग्राभेल (रोलर लगाएर) | १ | १०० | |
| १० | कटुवाको कुलो खत्रीचौर | १ | २०० | |
| ११ | झारकान्ले नासलखोला सडक | २ | १५० | |
| १२ | नरुवाल पाखाथोक तल्लो दमाइगाउँ गोरेटो बाटो | २ | १०० | |

बेसीशहर नगर कार्यपालिकाको मिति २०७८/११/१० गतेको बैठक

| क्र.स. | योजना तथा कार्यक्रमको नाम | वडा नं | प्रस्तावित बजेट रु. हजारमा | कैफियत |
|---|---|---|---|---|
| १३ | भकुण्डे उपल्लो डाँडागाउँ मोटरबाटो | २ | १०० | |
| १४ | सुनारगाउँ दलितबस्ती सामुदायिक भवनको शौचालय निर्माण | २ | १५० | |
| १५ | थुम्कादेखि जफतीसम्म सडक बत्ति जडान | २ | ५० | |
| १६ | मेलमिलाप भाँडा समुह भवन | ३ | १५० | |
| १७ | यशोब्रह्मा पुस्ताकलय भवनमा शौचालय | ३ | ७५ | |
| १८ | रानीकुवा विद्युत कार्यालय पछाडिको कुलो मर्मत | ३ | ६० | |
| १९ | थापाको चौतारा कालीकाठ नाली निर्माण | ३ | ५० | |
| २० | बसौलागाउँ सडक मर्मत | ३ | ७० | |
| २१ | कमलटारी सडक मर्मत | ३ | ७५ | |
| २२ | दारेगौंडा सडक मर्मत | ३ | ६० | |
| २३ | छाँगु चण्डी मोटरबाटो निर्माण (पुरानोकोटगढी) | ४ | ३०० | |
| २४ | ठाडोखोलादेखि पुरानोकोट मोटरबाटो मर्मत | ४ | २०० | |
| २५ | नाल्मा-स्यारे मोटरबाटो स्तरोन्नति | ५ | २०० | |
| २६ | डाँडागाउँको गोरेटोबाटो स्तरोन्नति | ५ | १०० | |
| २७ | होंदो गाउँ गोरेटोबाटो स्तरोन्नति | ५ | १०० | |
| २८ | लाँकुरीडाँडादेखि बर्तु जाने गोरेटोबाटो निर्माण (दलित भवन अगाडिसम्म) | ५ | १०० | |
| २९ | काफलस्वाँरा बाटो ढलान | ६ | ५०० | |
| ३० | सेरा मानेस्वाँरा सडक मर्मत | ६ | ५० | |
| ३१ | सहजी बगैंचा आमा समुह भवन निर्माण | ७ | ५०० | |
| ३२ | लिड्के पँधेरोदेखि पौडेलगाउँसम्म सडक ढलान | ७ | ५० | |
| ३३ | हिमाल मार्ग सडक स्तरोन्नति | ७ | ५०० | |
| ३४ | सुकराम दुलालको घरदेखि बसपार्क सम्मको सडक स्तरोन्नति | ८ | २०० | |
| ३५ | कमल बहादुर खत्रीको घरदेखि विनायक टोल सम्मको सडक स्तरोन्नति | ८ | १०० | |
| ३६ | गणेश मन्दिर तल सिंढी निर्माण | ८ | १०० | |
| ३७ | प्रकृति नारी समाज सामाग्री व्यवस्थापन | ८ | १०० | |
| ३८ | बसकाउण्टर तल सडकबाट ध्रव घिमिरेको घरसम्म सिंढी निर्माण | ८ | ५० | |
| ३९ | ढुंगाखानीदेखि लाँकुरीडाँडासम्मको सडक स्तरोन्नति | ९ | २०० | |
| ४० | दिहीथोक उपल्लो बारी बाटो ढलान | ९ | १०० | |
| ४१ | शिवालय मन्दिर मर्मत सुधार | ९ | १०० | |
| ४२ | कालिका सामुदायिक भवन स्तरोन्नति (दिहीथोक) | ९ | ५० | |

बेसीशहर नगर कार्यपालिकाको मिति २०७८/११/१० गतेको बैठक

| क्र.स. | योजना तथा कार्यक्रमको नाम | वडा नं | प्रस्तावित बजेट रु. हजारमा | कैफियत |
|---|---|---|---|---|
| ४३ | राउतथोकदेखि बाहुनको डिलसम्म सडक सुधार | ९ | १०० | |
| ४४ | सिरुबारी सामुदायिक भवन शौचालय निर्माण | १० | ११० | |
| ४५ | कुलबाँध (बाँफ्राखेत) खेलमैदान स्तरोन्नति | १० | १०० | |
| ४६ | चितुवावन सामुदायिक भवन | १० | ८० | |
| ४७ | बाँफ्राखेत स्वास्थ्य चौकी संरक्षण | १० | ११० | |
| ४८ | देउजनथोक पैह्रो नियन्त्रण | १० | १०० | |
| ४९ | कुप्लिन सामुदायिक भवन भाँडा खरीद | १० | ५० | |
| ५० | साउनेखोलादेखि खासुरबेसी चोकसम्म नाली निर्माण | १० | १०० | |
| ५१ | कार्कीडाँडा खानेपानी योजना सुधार | ११ | १०० | |
| ५२ | सिद्ध आश्रम भवन स्तरोन्नति, बरबोट | ११ | १५० | |
| ५३ | त्रिवेणी घाट व्यवस्थापन | ११ | २०० | |
| ५४ | चिती युवा क्लव खेलकुँद तथा विविध कार्यक्रम | ११ | १०० | |
| ५५ | लोकराज मावि घेराबार निर्माण (कम्पाउण्डिङ) | ११ | १०० | |
| | जम्मा | | ९६४० | |

**निर्णय नं २ : जस्तापाता खरीद सम्बन्धमा ।**

निर्णय नं १ (१) को विपन्न नागरिक आवास सहयोग कार्यक्रम अन्तर्गत विपन्न नागरिकहरुको नीजि आवास तथा सामुदायिक भवनहरुमा जस्तापाता उपलब्ध गराउनको लागि विनियोजित बजेटबाट जस्तापाता खरीद गर्ने सन्दर्भमा गत बर्षबाट नै जस्तापाताको बजार भाउ बढ्न गएकोले जिल्ला तथा नगरपालिकाबाट स्वीकृत दररेटमा कुनै पनि सप्लायर्स जस्तापाता उपलब्ध गराउन असमर्थ रहको र सो कार्यक्रम प्रभावकारी देखिएको हुँदा साविक झैं सप्लायर्सहरुबाट कोटेशन माग गरी सवैभन्दा कम दररेट पेश गर्ने सप्लायर्सबाट खरीद गरी वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ : लक्षिततर्फको कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

नवौं नगरसभाबाट स्वीकृत भएका देहाय वमोजिमका लक्षित कार्यक्रमहरुको सन्दर्भमा कार्यक्रम प्रस्तावना तयार गरी क्रमश: कार्यान्वयनमा लैजान नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

*देहाय :*

क) महिला सामाजिक सशक्तिकरण कार्यक्रम

ख) बालबालिका लक्षित कार्यक्रम

ग) अपाङ्गता भएका व्यक्तिहरु लक्षित कार्यक्रम

घ) जेष्ठ नागरिक लक्षित कार्यक्रम

ङ) विपन्न दलित लक्षित आय आर्जन कार्यक्रम

च) विपन्न जनजाति लक्षित कार्यक्रम

**निर्णय नं. ४ : मर्स्याङ्दी क्याम्पसको नक्शापास दस्तुर छुट सम्बन्धमा ।**

बेसीशहर नगरपालिका ७ स्थित मर्स्याङ्दी बहुमुखी क्याम्पसमा नयाँ कक्षा कोठा भवन निर्माणको लागि विश्व विद्यालय अनुदान आयोगमा प्रस्तावना पेश गर्नको लागि भवन निर्माण लागत इष्टिमेट र नक्शापासको कागजात संलग्न गर्नुपर्ने भएकोले क्याम्पसको आर्थिक अवस्था कमजोर भएको कारण क्याम्पसको अनुरोध पत्र समेतको आधारमा उक्त प्रस्तावित भवनको नक्शापास वापतको कानुन वमोजिम लाग्ने दस्तुर छुट दिने निर्णय गरियो ।

**निर्णय नं. ५ : योजना संशोधन सम्बन्धमा**

चालु आ.व.२०७८।०७९ का देहाय वमोजिमका योजना तथा कार्यक्रमहरु देहाय वमोजिम संशोधन गर्ने निर्णय गरियो ।

देहाय

| साविकको योजना | विनियोजित बजेट | हाल कायम गरिएको योजना | विनियोजित बजेट |
|---|---|---|---|
| १.विद्यालयहरुमा दिवा खाजा कार्यक्रम बेनपा २ | २००००० | १. बाल कल्याण मावि व्यवस्थापन<br>२. कालिका मिलन मावि व्यवस्थापन<br>३.बाल विद्याश्रम प्रा.वि.व्यवस्थापन | १०००००<br>६००००<br>४०००० |
| १.आम्बोटे बन्थोक सडक स्तरोन्नति बेनपा ७ (नगरस्तरीय)<br>२.आम्बोटे खोलादेखि बन्थोक सडक नाला बेनपा ७ ( वडास्तरीय) | ३०००००<br>५००००० | आम्बोटे-बन्थोक सडक स्तरोन्नति, बेनपा ७ | ८००००० |
| १.विपद् व्यवस्थापन खर्च बेनपा ८ (वडास्तरीय) | २००००० | १.सोमराज पौडेलको घरदेखि कृष्ण बहादुर रावलको तगारोसम्म अधुरो सिंढी निर्माण बेनपा ८<br>२.रिङरोड पाखुरीबोट ओरालोदेखि सितलपाटी जाने सडक स्तरोन्नति बेनपा ८ | ८००००<br>१२०००० |
| १.तिनधारेमाथि रिङरोडमुनि विचको खोल्सामा पानी निकास बेनपा ७ र ८ (नगरस्तरीय) | २००००० | १.संगम मार्ग चोकदेखि दलबहादुर खवासको घरसम्म सडक स्तरोन्नति बेनपा ८ | २००००० |
| १.दल बहादुर खवासको घरबाट ठूलोपँधेरो पिचसम्म पक्की सडक निर्माण, बेनपा ८ (लागत साझेदारीतर्फको, २०७८।८।७ को कापा बैठकको निर्णय) | ६१०५३४ | १.संगम मार्ग चोकदेखि दलबहादुर खवासको घरसम्म सडक कालोपत्रे (नाम मात्र संशोधन भएको) | ६१०५३४ |

बेसीशहर नगर कार्यपालिकाको मिति २०७८/११/१० गतेको बैठक

**निर्णय नं. ६ : गत कार्यपालिका बैठकको निर्णय संशोधन सम्बन्धमा ।**

मिति २०७८।१०।२३ को कार्यपालिका बैठकको निर्णय नं ८ वमोजिम नीजि शिक्षक व्यवस्थापनको लागि विद्यालयहरुलाई रु. ७५ हजारका दरले उपलब्ध गराउने सम्बन्धमा सो निर्णयको बुँदा नं ४ मा विद्यालयको नाम भुलवश शान्ति भवन प्रा.वि. बेनपा ११ चिती स्याउत उल्लेख भएकोमा सो को सट्टा बालरत्न प्रा.वि.बेनपा ११ बस्नेतगाउँ कायम गर्ने निर्णय गरियो ।